आज मिति २०८० साल मंसिर ५ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा बसेको आ.व २०८०/८१ को पाँचौ बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | ठाकुरश्री तिवारी | उपसचिव | |
| २ | नरेन्द्रप्रसाद घिमिरे | लेखा अधिकृत | |
| ३ | | | |
| ४ | | | |

**नगर-कार्यपालिकाको मिति २०८०/०८/०४ गतेको आ.व २०८०/८१ को पाचौं बैठकका निर्णयहरु :**

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८०/०७/०१ गते बसेको आ.व २०८०/८१ को चौथो बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १२ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरियो । प्रतिवेदनमा उल्लेख भए अनुसारको क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा उत्खनन्को लागि नदी तथा खोलाबाट उत्खनन्को गण्डकी प्रदेशको आर्थिक ऐन, २०८० बमोजिम रु ३१७५८ सय(प्रति घ.मि) र स्टोरबाट उत्खनन्को लागि रु ४०० (प्रति घ.मि) न्यूनतम अंक कायम गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | उत्खनन्/संकलन क्षेत्र | नदी/खोला/वडा नं | लम्बाई (मि.) | चौडाई (मि.) | उत्खनन् योग्य गहिराई | संकलन/उत्खनन् आयतन (घ.मि.) | दिगो रुपमा संकलन/उत्खनन् आयतन (घ.मि.) |
|---|---|---|---|---|---|---|---|
| १ | रमाईलो घाट १ | मर्स्याङ्दी/७ | ६० | २० | १.० | १२०० | ९६० |
| | रमाईलो घाट २ | | ७० | १० | १.० | ७०० | ५६० |
| २ | त्रिवेणी घाट | मर्स्याङ्दी/८ | ३५५ | ६० | १.० | २१,३०० | १७,०४० |
| ३ | सुन्तलेटार घाट | नाउँदी/२ | ३०० | १० | ०.५ | १५०० | १२०० |
| ४ | सत्रसय घाट | पाउँदी/२ र ४ | ३५० | ४० | ०.५ | ७००० | ५६०० |
| ५ | किरिन्चे घाट | पाउँदी/४ | ३५० | ५ | ०.५ | ८७५ | ७०० |
| ६ | मिलन बस्ती घाट | पाउँदी/३ र ४ | ६०० | ५ | ०.५ | १५०० | १२०० |
| ७ | स्टोर | स्याउली/५ | | | | | ४००० |
| जम्मा | | | २१७५ | १६० | ५.५ | ३४,५२५ | ३१,६२० |

**निर्णय नं ३**

स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन मापदण्ड, २०७७ (पहिलो संसोधन, २०७८) अनुसारको मापदण्ड भित्र पर्ने पुल नजिकै रहेका तपशिल अनुसारका क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा उत्खननको लागि जिल्ला अनुगमन समिति र जिल्ला विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | उत्खनन्/संकलन क्षेत्र | नदी/खोला/वडा नं | लम्बाई (मि.) | चौडाई (मि.) | उत्खनन् योग्य गहिराई | संकलन/उत्खनन् आयतन (घ.मि.) | दिगो रुपमा संकलन/उत्खनन् आयतन (घ.मि.) |
|---|---|---|---|---|---|---|---|
| १ | फुलबारी घाट | मर्स्याङ्दी/९ | ३५० | ५ | १.० | १७५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | बेलघारी घाट | मर्स्याङ्दी/९ | २४० | १५ | १.० | ३६०० | |
| ३ | खत्रीठाँटी घाट | पाउँदी/६ | १८० | ३० | ०.५ | २७०० | |
| ४ | राम्चे मिदिम घाट १ | राम्चे मिदिम/११ | ३०० | ३० | ०.४ | ३६०० | |
| | राम्चे मिदिम घाट २ | | ३०० | ५० | ०.५ | ७५०० | |
| जम्मा | | | १३७० | १३० | ३.४ | १९१५० | |

**निर्णय नं ४**

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको मिति २०८०/०७/१६ गते प्रकाशित सूचना अनुसार एक स्थानीय तह एक खेल मैदान निर्माणको लागि सु.न.पा १०, कोइरालाफाँट स्थित खेलमैदान निर्माणका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै मन्त्रालयबाट माग गरिएका डि.पि.आर, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन गर्दा लागेको खर्च र परियोजनाको १० प्रतिशत लागत सहभागिता व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

आ.व २०८०/८१ को वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय योजना आयोगको विशेष अनुदान अन्तर्गत फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणका लागी रु १ करोड विनियोजन भएकोमा सो रकम मध्येबाट रु ६५ लाखमा फोहोरमैला प्रशोधनको लागि आवश्यक सामाग्री खरिद गर्ने र रु ३५ लाखबाट ल्याण्डफिल साइट सम्म पहुँच मार्ग, ट्रान्सफर्मर लगायत अन्य पूर्वाधार निर्माण/खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

आ.व २०८०/८१ को वार्षिक कार्यक्रम अनुसार सडक सौन्दर्यकरण कार्यक्रम शीर्षकमा रु १० लाख र बस्ति सौन्दर्यकरण कार्यक्रम शीर्षकमा रु ५ लाख विनियोजन भएकोमा सडक सौन्दर्यकरण कार्यक्रम शीर्षकमा बाँकी रकम रु २ लाख लाख र बस्ति सौन्दर्यकरण शीर्षकको रकम गरी जम्मा रु ७ लाखबाट नगरपालिकाको सिमामा स्वागत/धन्यवाद बोर्ड राख्ने, सु.न.पा ७ पाँउदीमा सुन्दरबजार नगरपालिकाको प्रसिद्ध स्थान देखिने Landscape नक्सा राख्ने र नगरपालिका भित्र दुई स्थानमा सेटअप/पुसअप सामाग्री खरिद गरी राख्ने निर्णय गरियो ।

**निर्णय नं ७**

राष्ट्रिय ग्रामिण तथा नविकरण उर्जा कार्यक्रम अन्तर्गत नवीकरणीय उर्जा प्रविधि जडान ( वायोग्यास/विद्युतीय चुलो/सुधारिएको चुलो/सार्य उर्जा) शीर्षकमा रु ८ लाख विनियोजन भएकोमा सो रकमबाट नगरपालिका भित्र सुरक्षाको दृष्टिकोणबाट संवेदनशिल स्थानहरुमा सोलार बत्ती जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

चिनको तियानजिन नगरपालिका र सुन्दरबजार नगरपालिका बिच मितेरी सम्बन्धमा कायम गर्नको लागि आवश्यक प्रशासनिक प्रक्रिया पुरा गर्न नगरपालिका प्रशासनलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

भूमि बैंक परियोजना संचालन गर्ने, एकै स्थानमा जग्गा भएका जग्गाधनीबाट जग्गा भाडामा दिने, भाडादर, समयावधी (वर्ष) र प्राप्त जग्गामा व्यवसाय गर्न ईच्छुक व्यवसायीलाई जग्गाको शर्तनामा खोली प्रस्ताव आह्वानगर्ने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

सन् २०२३ नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म दुवईमा संयुक्त राष्ट्रसंघीय जलवायु शिखर सम्मेलन (कोप-२८) मा भाग लिन नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला र प्रमुख प्रशासकीय अधिकृत श्री शिशिर पौडेललाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

हरिबोधनी एकादशी (तुलसी बिबाह) को दिन यस नगरपालिका भित्र मर्स्याङ्दी नदी किनारमा रहेका शिवालय मन्दिर तथा अन्य मन्दिर परिसरमा एकादशी मेला र तुलसी बिबाह कार्यक्रमहरुको आयोजना गरिने हुँदा स्थानीय मेला प्रवर्द्धन तथा संरक्षणको लागि मिति २०८०/०८/०७ गते विहिबार नगरपालिका कार्यालय, वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा मातहतका कार्यालयहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

**निर्णय नं १२**

मिति २०८०/०९/४ गते दिनको ११ बजे सु.न.पा ३ च्यानपाटामा सुन्दरबजार नगरपालिका वडा नं ३,४,१० र ११ मा भए गरेका काम कारवाहीको विषयमा सार्वजनिक सुनुवाईका आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

यस नगरपालिका नगर शिक्षा समितिबाट शिक्षक दरबन्दी मिलानको सिलसिलामा भएको शिक्षक सरुवाको विरुद्ध भक्ति नमूना मा.वि का निम्न माध्यमिक तह द्धितीय श्रेणी विज्ञान विषयका शिक्षक राजेश्वर ढकालले नगर कार्यपालिकाको कार्यालय, नगर शिक्षा समिति, नगर प्रमुख, उपप्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा र शिक्षा युवा तथा खेलकुद शाखाका उपसचिव समेतलाई प्रत्यर्थी बनाई सर्वोच्च अदालतमा रिट दायर गरेको सूचना प्राप्त भएकोमा उक्त रिट विरुद्ध कानूनी प्रतिरक्षा गर्ने प्रयोजनका लागि कानून व्यवसायी अधिवक्ता श्री विष्णु प्रसाद ढकाललाई बहस पैरवी लगायत मुद्धा सम्बन्धी कार्य गर्ने अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं १४**

यस नगरपालिकाको आ.व २०८०/८१ को वार्षिक कार्यक्रम अनुसार सु.न.पा ७ मा रहेको उ.बा.संघ सुन्दरबजार इकाई शौचालय निर्माण शीर्षकमा रु ५ लाख विनियोजन भएकोमा आगामी नगरसभाबाट अनुमोदन गरी उ.बा.संघ सुन्दरबजार इकाई भवनको छतमा ट्रस छाना निर्माण शीर्षकमा शीर्षकान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

आ.व २०७८/७९ मा पुरानोडिही खानेपानी तथा तथा सरसफाई मूल उपभोक्ता समितिको नाममा चेक नं ०१११००८५६२ बाट रु २९ हजार ५ सय ५० रकमको चेक जारी भएको तर बैंकको प्राविधिक समस्याको कारण सो चेक सटही हुन नसकेको हुँदा आ.व २०८०/८१ मा उक्त उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १६**

सडक बोर्ड नेपालको वार्षिक स्विकृत कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गत Upgrading and Maintenance of road from seudibar-campus gate-tallo bazar-sainik tole to manachauka bridge (EGP/NCB/SB/RSM/079/080/07) निर्माणका लागि अनलाइन ठेक्का प्रणालीमा सूचना प्रकाशन भई मिति २०८०/०५/१० गते M/S Manokamana Gurung Nirman Sewa, Abhukhaireni, TanahuNepal सँग रु ५८ लाख २९ हजार ५ सय ६१ रुपैंया २५ पैसामा सम्झौता भएकोमा सो सडकखण्डमा थप निर्माण कार्य गर्नको लागि स्वीकृत भेरियसन आदेश अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner